**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ अक्टुबर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. राष्ट्रपति द्रौपदी मुर्मुले विजयादशमीको अवसरमा देशवासीलाई शुभकामना दिनु हुँदै यो पर्व अन्यायमाथि न्यायको विजयको प्रतीक भएको बताउनु भएको छ।

२. मैसुरु-दरभंगा एक्सप्रेस हिजो राति चेन्नई डिभिजन नजिक कवरपेट्टईमा दुर्घटनामा परेको छ।

३. जम्मु र कश्मीरमा नेशनल कन्फरेन्सका ओमर अब्दुल्लाले सरकार गठनको लागि विधायकहरूको समर्थन पत्र लेफ्टिनेन्ट गभर्नर मनोज सिन्हालाई हस्तान्तरण गर्नु भयो।

४. आयकर विभागले आर्थिक वर्ष २०२४-२५ को लागि अहिलेसम्म १३ लाख ५७ हजार करोड रुपियाँभन्दा बढी प्रत्यक्ष कर सङ्कलन गरेको छ।

५. मौसम विभागले केरलाका पाँच जिल्लामा अति भारी वर्षाको ओरेन्ज अलर्ट जारी गरेको छ।

**<u>दशहरा</u>**

दशैं पर्व आज देशभर श्रद्धापूर्वक मनाइँदैछ। यो पर्व दुष्टमाथि विजयको प्रतीकका रूपमा मनाइन्छ। शारदीय नवरात्रि र दुर्गा पूजाको भोलिपल्ट दशहरा पर्व मनाइन्छ।राष्ट्रपति द्रौपदी मुर्मुले विजयादशमीको अवसरमा देशवासीलाई शुभकामना दिनु भएको छ। राष्ट्रपतिले आफ्नो सन्देशमा यो पर्व अन्यायमाथि न्यायको विजयको प्रतीक भएको बताउनु भएको छ। गौरव, कर्तव्यप्रतिको अटलता, सदाचार, नम्रता र न्यायका लागि सङ्घर्षको यो पर्वसँग धेरै प्रेरणादायी कथा जोडिएको उहाँले बताउनु भएको छ। आस्था र उमङ्गको यो पर्वले सबैमा सफलता, समृद्धि र खुशी ल्याओस् भन्ने कामना राष्ट्रपतिले गर्नु भएको छ।

****** ० ******

**<u>विजयादशमी-आरएसएस</u>**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-इसरो के पूर्व अध्यक्ष डा राधाकृष्णन आज नागपुरमा राष्ट्रिय स्वयंसेवक संघको विजयादशमी उत्सवमा मुख्य अतिथि रहनु हुनेछ। राष्ट्रिय स्वयंसेवक संघको यस वार्षिक समारोहलाई प्रमुख डा मोहन भागवतले सम्बोधन गर्नु हुनेछ। कार्यक्रममा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णव र केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरी पनि उपस्थित हुनेछन्। सो अवसरमा संस्थाका सदस्यहरुले पदयात्रा निकाल्ने छन्।

****** ० ******

**<u>मैसुरु-दरभाङ्गा रेल दुर्घटना</u>**

मैसुरु-दरभंगा एक्सप्रेस हिजो राति 8:50 बजेतिर चेन्नई डिभिजनको गुम्मिडीपोंडी नजिक कवरपेट्टईमा दुर्घटनामा परेको छ। दक्षिणी रेलवेका अनुसार मैसूरु-दरभंगा एक्सप्रेस चेन्नई नजिक पोन्नेरीबाट गईरहेको बेला रेल दुर्घटना भएको हो। रेल चालक दललाई ठूलो ठक्कर लाग्यो र रेल लुप लाइनमा छिर्यो र त्यहाँ पार्क गरिएको मालगाडीसँग ठोक्कियो। कुनै हताहतीको खबर छैन। केही घाइते यात्रुलाई अस्पताल लगिएको छ। दुर्घटनास्थलमा मेडिकल राहत भ्यान र उद्धार टोली पुगेको छ। एनडीआरएफ अरकोनमका तीस कर्मचारी राहत र उद्धार कार्यमा संलग्न छन्। जिल्ला अधिकारीले नजिकका सबै अस्पताललाई घाइतेहरुको अवस्थामा तयार रहन

निर्देशन दिएका छन्। दुर्घटनाको कारण पत्ता लगाउन अधिकारीहरु घटनास्थल पुगेका छन् । रेलवे अधिकारीहरुले दिएको जानकारी अनुसार पार्सल भ्यानमा लागेको आगो दमकलले निभाएको छ भने १२ देखि १३ वटा डिब्बा पटरीबाट झरेको छन् । यसैबीच, चेन्नई-गुदुर खण्डमा तीनवटा रेलहरू रोकिएका छन् र तिरुची-हावडा एक्सप्रेस, एर्नाकुलम-टाटानगर एक्सप्रेस र काकीनाडा धनबाद स्पेशल एक्सप्रेसलाई डाइभर्ट गर्ने योजना बनाइएको छ। हेल्पलाइन नम्बरहरू 044 253 4152 / 044-243 54995 हुन्। समस्तीपुर - 06274 -81029188 दरभंगा - 06272 - 8210335395 दीनदयाल उपाध्याय जंक्शन – 7525039558

****** ० ******

**डीजीसीए - एयर इंडिया**

नागरिक उड्डयन महानिर्देशनालय (DGCA) लाई त्रिचीबाट शारजाह गईरहेको एयर इन्डिया एक्सप्रेसको उडानको गहिरो अनुसन्धान गर्न निर्देशन दिइएको छ, ताकि हाइड्रोलिक समस्याको वास्तविक कारण पत्ता लगाउन सकोस| नागरिक उड्डयन मन्त्री राम मोहन नायडू किन्जारापुले एक विज्ञप्तिमा भन्नु भएको छ, एयर इन्डिया एक्सप्रेसलाई यात्रुहरूलाई उनीहरूको अगाडिको यात्राको लागि वैकल्पिक व्यवस्थासहित सबै आवश्यक सहयोग उपलब्ध गराउन सल्लाह दिइएको छ। उहाँले यात्रुको सुरक्षा सरकारको उच्च प्राथमिकता रहेको र आकाशमा सुरक्षा र आरामको उच्चतम मापदण्ड सुनिश्चित गर्न सरकारले सबै एयरलाइन्स र उड्डयन प्राधिकरणसँग मिलेर काम गरिरहने बताउनु भयो।यसअघि एयर इन्डिया एक्सप्रेसको विमानले हाइड्रोलिक फेल भएपछि तमिलनाडुको तिरुचिरापल्ली एयरपोर्टमा आपतकालीन अवतरण गरेको थियो। चालक दलले आपतकालिन समयमा प्रत्येक यात्रुको कल्याण सुनिश्चित गर्दै सबै सुरक्षा प्रोटोकलहरू पछ्याए।

****** ० ******

**जम्मू कश्मीर सरकार गठन**

जम्मु र कश्मीरमाए  नेशनल कन्फरेन्सका ओमर अब्दुल्लाले हिजो कांग्रेस,  सीपीआईएम,  आम आदमी पार्टी र स्वतन्त्र विधायकहरूको समर्थन पत्र उपराज्यपाल मनोज सिन्हालाई हस्तान्तरण गर्नु भयो। मिडियासँग कुरा गर्नु हुँदै उहाँले जम्मू कश्मीरमा सरकार गठनका लागि लेफ्टिनेन्ट गभर्नरलाई शपथ ग्रहण समारोहको मिति सुनिश्चित गर्न अनुरोध गरेको बताउनु भयो।

****** ० ******

**धम्मचक्र दिवस-नागपुर**

६८ औँ धम्मचक्र प्रवर्तन दिवसको अवसरमा आज नागपुरको दीक्षाभूमिमा भारत तथा विदेशका हजारौंको संख्यामा मानिसहरुको सहभागिता रहने  भएको छ। अक्टोबर १९५६ मा विजयादशमीको अवसरमा डाक्टर बाबासाहेब अम्बेडकरले आफ्ना लाखौं अनुयायीहरूसँग नागपुरको दीक्षाभूमिमा बौद्ध धर्म अप्नाएका थिए। यसै ऐतिहासिक अवसरको सम्झनामा धम्मचक्र प्रवर्तन दिवस मनाइन्छ।

****** ० ******

**पीएम सूर्य घर - दिशा-निर्देश**

नवीन अनि नवीकरणीय ऊर्जा मंत्रालयले **प्रधानमंत्री- सूर्य घर: निशुल्क बिजुली योजना** अंतर्गत अभिनव परियोजनाहरु लागू गर्नको लागी  दिशा-निर्देश जारी गरेको छ। यस योजना अंतर्गत अभिनव परियोजनाहरुमा – छतमा सौर ऊर्जा प्रौद्योगिकिहरु, व्यापारिक मॉडल अनि एकीकृत तकनीकहरुलाई  बढ़ावा दिनको लागि पाँच सय करोड़ रुपियाँ आवंटित गरिएको छ । यसको  उद्देश्य नयाँ विचारहरुलाई अघि बढ़ाउनमा  स्टार्टअपसित सम्बन्धित संस्थानहरु अनि उद्योगहरु चिन्हित गर्नु अनि  सहयोग दिनु सामेल छन् । यसले छतमा सौर ऊर्जालाई इलेक्ट्रिक वाहनहरु अनि बैटरी स्टोरेजसित जोड़ने जस्ता तकनीकहरु माथि ध्यान केंद्रित गरिनेछ । मंत्रालयले भनेको छ कि राष्ट्रीय सौर ऊर्जा संस्थान यस अभिनव परियोजनाको लागी योजना कार्यान्वियन एजेंसीको रूपमा काम गर्नेछ। चयनित परियोजनाहरुको लागतको 60 प्रतिशत वा 30 करोड़ रुपियाँ सम्मको वित्तीय सहायता दिईनेछ । केंद्र सरकारले यस बर्ष फरवरी महिनामा प्रधानमंत्री-सूर्य घर: निशुल्क बिजुली योजनालाई स्विकृति दिईएको  थियो । यसको उद्देश्य छतमा सौर ऊर्जा क्षमताको  हिस्सादारी बढ़ाउन अनि आवासीय घरहरुलाई आफै बिजली उत्पादन गर्नको लागी सशक्त बनाएको छ।

****** ० ******

**फेबी- पीयूष गोयल**

वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले -आपस्तको सुझ-बुझ अनि सहयोग द्वारा भारत-यूरोप व्यापार तिब्र गतिमा बढ़न् सक्ने बताउनुभएको छ । नयाँ दिल्लीमा यूरोपीय व्यापार महासंघको शुभारंभको अवसरमा श्री गोयलले भन्नुभयो कि विश्वले प्रतिशोधको सिद्धांतमा काम गर्न सक्दैन , तर आपस्तको सहयोगद्वारा समाधान निकाल्न पर्नेछ। उहाले अझ भन्नुभयो कि यूरोपीय संघको नीतिहरु अनि वन-जंगलको कटाईसित सम्बन्धित नियमहरु , कार्बन सीमा समायोजन तंत्र जस्ता कार्रवाहीहरुले भारतीय उद्योगलाई प्रभावित गरेको छ। श्री गोयलले यूरोपीय संघ सित निशुल्क व्यापार समझौताको वार्ता बारे भन्नुभयो- यूरोपीय देश भारतको जीवंत लोकतंत्र, कानूनको शासन, जनसांख्यिकीय लाभांश अनि निर्णायक नेतृत्वको कारण आकर्षित हुंदछ जसले स्थिरता अनि विकासको आश्वासन दिंदछ।

****** ० ******

**आयकर संकलन**

आयकर विभागले आर्थिक वर्ष २०२४-२५ को लागि अहिलेसम्म १३ लाख ५७ हजार करोड रुपियाँभन्दा बढी प्रत्यक्ष कर सङ्कलन गरेको छ। यसमा ७ लाख करोड रुपियाँभन्दा बढी व्यक्तिगत आयकर र ६ लाख करोड रुपियाँभन्दा बढी कर्पोरेट कर समावेश छ। विभागले हिजोसम्म २ लाख ३१ हजार करोडभन्दा बढीको फिर्ता पनि जारी गरेको छ। चालू आर्थिक वर्षमा खुद प्रत्यक्ष कर सङ्कलनमा १८ प्रतिशतभन्दा बढीको उल्लेख्य वृद्धि भएको छ।

****** ० ******

**विश्व अर्थराइटिस दिवस**

आज विश्व **अर्थराइटिस दिवस** दिवस मनाइँदै छ। यो दिवस मनाउने उददेश्य बाथ मस्कुलोस्केलेटल डिसअर्डर र तिनको रोकथामबारे जनतामा चेतना जगाउनु हो।

****** ० ******

**भारत-क्यानडा प्रधानमन्त्री**

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले लाओसको भिएनचनमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग महत्वपूर्ण वार्ता गरेको दाबीलाई भारतले अस्वीकार गरेको छ।

****** ० ******

**केरला ओरेन्ज अलर्ट**

मौसम विभागले केरलाका पाँच जिल्लामा अति भारी वर्षाको ओरेन्ज अलर्ट जारी गरेको छ।

****** ० ******